पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १ गते सोमबार ❑ 14 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

हार्दिक मंगलमय शुभकामना

नव वर्ष-२०८२ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकबर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

फेवा प्रकाशन प्रा.लि., पोखरा

पोखरापत्र दैनिक परिवार

## 'देशलाई आर्थिक उन्नयनको मार्गमा अग्रसर गराउन सरकार क्रियाशील छ'

**पोखरापत्र संवाददाता**
लमजुङ, ३१ चैत

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले देशलाई राजनीतिक रुपमा स्थिर बनाएर आर्थिक उन्नयनको मार्गमा अग्रसर गराउन वर्तमान सरकार क्रियाशील रहेको बताउनुभएको छ।



राइनास नगरपालिका-२ स्थित भलायखर्क स्वास्थ्यचौकी भवनको उद्घाटन गर्दै सरकारका प्रवक्तासमेत रहनुभएका उहाँले देश र जनताको हितलाई केन्द्रमा राखेर सरकारले काम गरिरहेको बताउनुभयो । विगतमा सरकार अस्थिर हुँदा विकास-निर्माणका काम रोकिएका, समयानुकूल ऐननियम नहुँदा प्रक्रियागत एवं संरचनागत सुधार हुन नसकेकाले ती सबै वेथिति बिसाउँदै वर्तमान सरकार जनताका विकासका चाहना पूरा गर्ने प्रयासमा लागेको सञ्चार तथा सूचना प्रविधिमन्त्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "विगतमा भएका त्रुटि सच्च्याएर अघि बढेका छौं, विकृति र विसङ्गतिका फोहर फालेर अघि बढ्नुपरेकाले नयाँ काममा केही ढिला भएकोजस्तो देखिएको हो ।"

फरक प्रसङ्गमा उहाँले वर्तमान शिक्षा प्रणाली अव्यावहारिक भएको र ग्रामीण भेगमा विद्यार्थी सङ्ख्या पनि न्यून रहेकाले त्यसको सुधार गर्दै व्यावहारिक तथा प्राविधिक शिक्षामा विशेष जोड दिनुपर्ने बताउनुभयो। उहाँले अघिल्लो सरकार अस्थिर हुँदा विकास निर्माणको गति रोकिएको, अर्थतन्त्र धराशायी भएको, औद्योगिक उत्पादन बन्द भएकाले राष्ट्रलाई असफल हुनबाट जोगाउन कांग्रेस र एमाले मिलेर सरकार गठन गर्नुपरेको बताउनुभयो। वर्तमान गठबन्धन २०८४ सालसम्म कायम रहने उहाँले बताउनुभयो। स्वास्थ्योपचारलाई सर्वसुलभ बनाउनेतर्फ सरकारले विशेष ध्यान दिएको उहाँको भनाइ थियो । जटिल रोगको उपचार र शल्यक्रिया देशभित्रैका अस्पतालमा सम्भव बनाउने दिशामा काम भइरहेको उल्लेख गर्दै उनले नागरिकका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाउनुभयो।

वडाध्यक्ष लक्ष्मण शाहीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा राइनास नगरपालिकाका प्रमुख खडक गुरुङ, संविधानसभा सदस्य जमीन्द्रमान घले, जिल्ला समन्वय समितिका प्रमुख पूर्णबहादुर गुरुङ, दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी, जिल्लास्थित विभिन्न पालिकाका जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि र स्थानीयको उपस्थिति थियो।



पोखरामा नयाँ वर्षको उल्लासः नयाँ वर्ष २०८२ को पूर्वसन्ध्यामा आइतबार राति देशको पर्यटकीय शहर पोखराको लेकसाइडमा रमाउँदै आन्तरिक पर्यटकहरु। तस्बिर : कृष्ण दवाडी/रासस

## आलु महोत्सवमा साढे २ करोड बढीको कारोवार

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ चैत

१३ औं राष्ट्रिय हेमजा आलु महोत्सव अन्त्यतिर आइरहदाँ त्यहाँका स्टलबाट आलु तथा अन्य सामाग्री किन्नेहरुको संख्यामा बृद्धि भएको छ।



महोत्सवको ८ औं दिन आइतबारसम्म करिव ७० हजार दर्शक बढीले महोत्सव अवलोकन गरेकोमा कुल २ हजार ४ सय बढी घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक जयराम तिम्सिनाले जानकारी दिए ।जसमध्ये प्रति घरपरिवारले सबैभन्दा कम १० देखि बढीमा २ सय केजीसम्म आलु किनी लगेको तिम्सिनाको भनाई छ। त्यस्तै अन्य व्यापारिक स्टलहरुबाट समेत सामाग्री खरिद गर्नेहरुको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ ।विशेष गरी घरयासी सामग्री किन्नेको संख्या बढी छ ।त्यहाँ कृषितर्फ ३० तथा १ सय २० वटा व्यापारिक स्टल छन्।

आइतबार साँझसम्म आफ्नो स्टलबाट कुल १२ वटा दुई पाङ्ग्रे सवारी किन्नेका लागि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्नुपर्ने

**पोखरापत्र संवाददाता**
तनहुँ, ३१ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्नुपर्नेमा जोड दिनुभएको छ।

बन्दीपुरमा आइतबारदेखि सुरु भएको १२ औं सांस्कृतिक तथा महोत्सवको उद्घाटन गर्नुहुँदै उहाँले बन्दीपुर पर्यटकीय सम्भावना बोकेको पालिका भएकाले पर्यटनलाई समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो।

गण्डकी प्रदेशको राजधानी पोखरापछिको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा बन्दीपुर विकास भइरहेको चर्चा गर्नुहुँदै उहाँले बन्दीपुरको पर्यटन विकासका लागि प्रदेश सरकारले सहयोग गर्ने बताउनुभयो। मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "पर्यटनलाई स्थानीयको आयआर्जनसँग जोड्नुपर्छ । त्यसका लागि पालिकासँग मिलेर के गर्न सकिन्छ हामी सहयोग गर्छौं।" बन्दीपुर भ्रमण वर्ष सफल बनाउन र नयाँ वर्षमा बन्दीपुरमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न सांस्कृतिक महोत्सव आयोजना गरिएको बन्दीपुर भ्रमण वर्ष २०२५ का संयोजक वैशबहादुर गुरुङले बताउनुभयो।

## पालिकाका प्रतिष्ठानसँग सहकार्य गर्न गण्डकी प्रज्ञा प्रतिष्ठानको अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ चैत

गण्डकी प्रज्ञा प्रतिष्ठानको टोलीले गण्डकी प्रदेशका विभिन्न पालिकामा रहेका प्रज्ञा प्रतिष्ठानको अवलोकन भ्रमण गरेको छ।



प्रतिष्ठान मार्फत भइरहेका कामहरूमा एकरूपता ल्याउन, सहकार्य गर्न तथा अनुभव आदानप्रदान गर्नको लागि अवलोकन भ्रमण सहितको भेटघाट कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले बताए। पालिकामा रहेका प्रतिष्ठानबीच कला, साहित्य र संस्कृतिको क्षेत्रमा सहकार्य गर्ने उद्देश्यले अवलोकन भ्रमण गरिएको उनको भनाइ थियो। यसले स्थानीय तहमा गठित प्रज्ञा प्रतिष्ठानलाई थप बलियो र गतिशील बनाउन आवश्यक सहकार्य गर्ने वातावरण निर्माण गरेको उनको भनाइ छ।

प्रतिष्ठानको टोली पुतलीबजार प्रज्ञा प्रतिष्ठानमा पुग्दा कुलपति विश्वप्रेम अधिकारीले प्रतिष्ठानको हालको अवस्था र गरिएका कार्यको बारेमा बताएका थिए। गण्डकी प्रज्ञा प्रतिष्ठानका अवलोकन टोली समक्ष कुलपति, उपकुलपतिका लागि आवश्यक कक्षहरू आवश्यकता परेको उनले सुनाए।

प्रतिष्ठानको लागि बजेटको समेत अभाव रहेको उनको भनाइ थियो । पहिलो वर्ष २ लाख बजेट छुट्याइएकोमा यो वर्ष ५ लाख रुपैयाँ बजेट रहेको नियमित गतिविधि गर्नको लागि त्यो पर्याप्त नभएको उनले उल्लेख गरे। राजनीतिक दलका प्रतिनिधिलाई प्रतिष्ठानमा प्रतिनिधित्व गराउनुभन्दा विधागत विज्ञलाई प्राज्ञ बनाउनुपर्नेमा उनले जोड दिए। भेटघाट कार्यक्रममा उपकुलपति दुर्गा बहादुर शाह बाबा, प्राज्ञ राजेन्द्र कुमार श्रेष्ठ, प्राज्ञ सम्झना थापा र प्राज्ञ हिमलाल पुरी सहभागी थिए।

गल्याङ प्रज्ञा प्रतिष्ठानमा प्रमुख संरक्षक समेत रहेका नगर प्रमुख गुरु प्रसाद भट्टराई, गल्याङ प्रज्ञा प्रतिष्ठानका अध्यक्ष चण्डिका प्रसाद भट्टराई लगायतले भएका गतिविधि र आगामी योजनाका बारेमा बताए।

बजेट न्यून भएको र प्रतिष्ठानको लागि कार्यालय व्यवस्थापन हुन नसकेको अध्यक्ष भट्टराईले गुनासो गरे। नगर प्रमुख भट्टराईले प्रतिष्ठानलाई पूर्ण सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए। उनले छोटो समयमा भएका केही गतिविधि मार्फत आशा जागेको उल्लेख गरे। छलफल तथा भेटघाट कार्यक्रममा नगर उपप्रमुख हेमा न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम घिमिरे, प्राज्ञ सभा सदस्य डिल्लीराम भण्डारी, शिक्षा शाखा प्रमुख तथा प्रतिष्ठानका पदेन सदस्य हिमलाल भण्डारी लगायत सहभागी बनेका थिए।

गैडाकोट प्रज्ञा प्रतिष्ठानमा कुलपति गोविन्द राज विनोदी सहित पूर्व कुलपति तथा गैडाकोट नगरपालिकाका प्रमुख मदन भक्त अधिकारी, उपकुलपति भीम प्रसाद शर्मा, सङ्गीत विभाग प्रमुख अम्मर विरही गुरुङ, प्राज्ञ परिषद सदस्य गोविन्द कोइराला लगायतसँग अन्तरक्रिया सहितको भेटघाट कार्यक्रम गरियो।

अवलोकन भ्रमण र भेटघाट कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्ची, उपकुलपति गोरे गुरुङ, सदस्य सचिव मनकुमार श्रेष्ठ, प्राज्ञहरू कृष्ण प्रसाद पौडेल, डिलकुमारी पौडेल, छन्दिका त्रिपाठी, शंकर विरही गुरुङ, राजेन्द्र सापकोटा,राज बहादुर गुरुङ, सरला पाण्डे, गम बहादुर गुरुङ लगायत सहभागी थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हाइकर्स क्लबको ७५ औं श्रृङ्खला भिमादको 'घाङ्च ल्हुम'मा

पोखरापत्र संवाददाता
पोखरा, ३१ चैत



झट्ट हेर्दा प्राचीन विश्वका सात आश्चर्य मध्येको 'बेबिलोनको झुलन बगैंचा' जस्तो दृश्य।

तनहुँको भिमाद नगरपालिका वडा नं ९ मोहोरियास्थित त्यही बगैंचाको झल्को दिने घाङ्च ल्हुममा २०८१ सालको अन्तिम शनिबार पोखरामा विभिन्न सेवा, पेशा र व्यवसायमा आवद्ध व्यक्तिहरू झुलिरहेका देखिन्थे। हाइकर्स क्लब नेपालसँग आवद्ध भई उक्त संस्थाको आयोजनामा त्यहाँ पुगेका व्यक्तिहरू कोही तस्बिर खिचाउँदै थिए त कोही सेल्फीमा व्यस्त देखिन्थे।

स्वास्थ्य र पर्यटनका लागि हाइकिङ भन्ने नाराका साथ प्रत्येक महिनाको अन्तिम शनिबार पर्यटन राजधानी पोखरा र आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्दै आएको हाइकर्स क्लब नेपालले आफ्नो ५७ श्रृङ्खला भिमादको घाङ्च ल्हुममा सम्पन्न गरेको हो। घाङ्च ल्हुमसँगै क्लबले यस श्रृङ्खलामा यसै क्षेत्रका सिद्ध गुफा र चमेरे गुफालाई पनि समेटेको हाइकर्स क्बल नेपालका अध्यक्ष कृष्ण रानाभाटले जानकारी दिनुभयो। बिभिन्न सामाजिक सञ्जालकै माध्यमबाट घाङ्च ल्हुमबारे जानकारी पाएसँगै आँफूहरूले यस श्रृङ्खलामा यस गन्तव्यलाई समेटेको उहाँले जानकारी दिनुभयो। "क्लबले प्रत्येक महिनाको अन्तिम शनिबार यस्तै नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूलाई लक्षित गरी हाइकिङका कार्यक्रम सञ्चालन गरिहेको छ", उहाँले भन्नुभयो, "हरेक हाइकिङका कार्यक्रम तत्तत् ठाउँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण बन्दै गएका छन्।"

अग्ला अग्ला ढुङ्गाहरू, जसका तल छपक्क मिलाएर ढुङ्गा छापेर पैदल हिड्ने बाटोहरू निर्माण गरिएको छ भने चराचुरुङ्गीका लागि ठाउँ ठाउँमा गुँड र पानी खानका लागि सानासाना पोखरी पनि बनाइएको छ। पार्क पसिरमा नै काठबाट निर्माण गरिएको चम्राली पिंग पनि छ। यहाँ आउने जो कोही पर्यटकले उक्त दृश्यलाई प्राचीन विश्वका सात आश्चर्यका रुपमा लिइने बेबिलोनको झुलन बगैँचासँग तुलना गरेर हेर्ने गरेका छन्। इशापूर्व छ सयमा राजा नेबुचाडनेजारले आफ्नी रानी खुसी पार्न निर्माण गरिएको झुलन बगैंचाको स्वरुप यस्तै किसिमको रहेको इतिहासका पुस्तकमा राखिएका तस्बिरमार्फत जान्न र बुझ्न पाइन्छ। विगतमा प्रचारप्रसार र बुझाइका कारण ओझेलमा परेको यो गन्तव्यलाई पछिल्लो समयमा भने संरक्षण र प्रवर्द्धन गर्न थालिएको भिमाद नगरपालिका वडा नं ९ का वडा अध्यक्ष रनबहादुर थापाले जानकारी दिनुभयो। हरियास्थित सामुदायिक बनमा अवस्थित घाङ्च ल्हुम बनको भित्री भागमा रहेको छ। घाङ्च ल्हुमलाई साजसज्जा गरेर चिटिक्क पारेसँगै यो स्वदेशी एवम् विदेशी पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको उहाँले बताउनुभयो।

मगर जातिको बाहुल्यता रहेको यस स्थानमा रहेको घाङ्च ल्हुम पनि मगर भाषाकै शब्द हो। मगर भाषमा घाङ्च ल्हुमको अर्थ अग्लो ढुङ्गा हुन्छ। अग्ला ढुङ्गाहरू रहेकै कारण यसलाई घाङ्च ल्हुम भनिएको यहाँका स्थानीयवासी बताउँछन्। अग्लाअग्ला ढुङ्गालाई चटक्क सिंगारेसँगै विगतमा उपेक्षा गरिएका यी ढुङ्गाले देश विदेशका मानिस आकर्षित गर्दा आँफूहरू निकै खुसी बनेको स्थानीयवासी भक्तबहादुर थापाले बताउनुभयो।

वडा अध्यक्ष थापाका अनुसार २०७७ सालमा गण्डकी प्रदेश सरकारको सहयोगमा सो मातहतको डिभिजन बन कार्यालय तनहुँले यस स्थाललाई पार्कका रुपमा निर्माण गरिदिएको हो। गण्डकी प्रदेशको २० लाख रुपैयाँ सहयोगसँगै स्थानीयको १० प्रतिशत लागत साझेदारीमा निर्माण भएसँगै यो ठाउँले काँचुली फेरेको उहाँको भनाइ छ। यसलाई बगैंचाको रुप दिन ढुङ्ग वरपरको बुट्यान तथा झाडी फाँडिएको थियो। झाडी फाँडिएसँगै आकर्षण देखिएका अग्ला ढुङ्गाको बीच तथा वरपर ढुङ्गा छापेर हिड्ने पैदल मार्ग निर्माण गरिएको छ। त्यस्तै परिसरमा धुपीका विरुवा रोप्नुका साथै ढुङ्गाको बीच बीचमा चराचुरुङ्गीका लागि गुँड र पानी पिउने साना पोखरी, चराको चुच्चोबाट पानीको फोहोरा झार्ने किसिमको संरचना पनि बनाइएको छ। यी सबै दृश्यका कारण पछिल्लो समयमा यो स्थान सामाजिक सञ्चालमार्फत चर्चामा आएको हो। भिमाद बजारबाट जम्मा १३ किलोमिटरको दुरीमा सवार साधन मार्फत यस ठाउँमा आउन सकिन्छ। घाङ्च ल्हुमसँगै यस क्षेत्रमा रहेका चमेरे गुफा एवम् सिद्ध गुफाको पनि प्रवर्द्धनात्मक भ्रमण गरिएको हाइकर्स क्लब नेपालका सदस्य एवम् सामाजिक सञ्जाल संयोजक पितम शेन ठकुरीले जानकारी दिनुभयो। मोहोरिया क्षेत्रका घाङ्च ल्हुमसँगै सिद्ध गुफा र चमेरे गुफालाई व्यवस्थित गर्न सकेमा यहाँ ठूलो संख्यामा पर्यटक ल्याउन सकिने उहाँले बताउनुभयो। भिमाद क्षेत्रमा रहेका धेरै गन्व्यहरू प्रवर्द्धनको पर्खाइमा रहेको यहाँका स्थानीयवासी बताउँछन्। घाङ्च ल्हुम, सिद्ध गुफा, चमेरे गुफा, पाथर्दी झरना जस्ता धेरै स्थलहरूको पर्यटकीय सम्भावनालाई उजागर गर्नुपर्ने नेपाली काँग्रेस तनहुँ क्षेत्र नं २ का सभापति चुडामणि खनाल बताउनुहुन्छ। पर्यटकीय स्थलको प्रवर्द्धनसँगै पर्यटकको आगमन बढाउन सकेमा त्यसले स्थानीय उत्पादनको बजारीकरणसँगै स्वरोजगार अभिबृद्धिका धेरै अवसर भित्राउन सकिने उहाँको भनाइ छ।

# केदारेश्वर महादेवमणि गुरुकुल विद्याश्रममा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३१ चैत



इम्बोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन(एगा) पोखराले केदारेश्वर महादेवमणि गुरुकुल विद्याश्रमका विद्यार्थीलाई टिसर्ट सहित स्टेशनरी र खेलकुदका सामाग्री सहयोग गरेको छ।

संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत आउँदै गरेको नयाँ वर्ष २०८२ को अवसर समेत पारी शनिबार गुरुकुलमा त्यहाँका ८१ जना बटुकलाई टिसर्ट सहित शैक्षिक सामाग्री हस्तान्तरण गरेको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले जानकारी दिनुभयो। कार्यक्रमकै अवसरमा बटुकहरूलाई भोजन समेत गराइएको थियो।

संस्थाले पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रमका साथमा वर्षेनी सामाजिक उत्तरदायित्व अन्तर्गतका विभिन्न कामहरू गर्दै आएको उहाँले बताउनुभयो।
कार्यक्रमका प्रमुख अतिथि एवम् पोखरा महानगरपालिका वडा नं ६ का वडा अध्यक्ष बिष्णुबहादुर भट्टराईले पर्यटनका क्षेत्रमा विभिन्न समाग्रीका माध्यमबाट नेपाललाई विश्वमाझ चिनाउन एगाले ठूलो योगदान पुर्‍याएको बताउनुभयो। संस्था कुनै सानो ठूलो नहुने बताउँदै उहाँले एगाले पोखराको पर्यटन प्रवर्द्धनमा खेलीरहेको भूमिका महत्वपूर्ण रहेको उहाँले बताउनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बोर्डले विगतमा वर्षमा पनि एगा पोखरासँग सहकार्य गरिरहेको बताउँदै आगामी दिनमा पनि उक्त सहकार्य निरन्तर रहने बताउनुभयो। पर्यटनका क्षेत्रमा स्थानीय उत्पादनलाई प्रोत्साहनका लागि पनि एगासँग सहकार्य रहने उहाँको भनाइ छ।

एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालको सभापतित्व एवम् सचिव माया सुवेदीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यष गीता ढकाल पौडेलले गर्नुभएको थियो। नयाँ वर्ष २०८२ का अवसरमा शुभकामना आदानप्रदान समेत गरिएको उक्त समारोहमा कार्यक्रम संयोजक सुशिल ढकाल, पोखरा पर्यटन परिषद्का प्रथम उपाध्यक्ष हरि भुजेल, केदारेश्वर महादेवमणि गुरुकुल विद्याश्रम व्यवस्थापन समितिका बरिष्ठ उपाध्यक्ष मीना भट्टराई, एगा पोखराका संस्थापक अध्यक्ष वेदप्रसाद पाण्डे, पूर्व अध्यक्ष शंकर भट्टराई, सद्भाव सदस्य गोविन्द अधिकारी लगायतले बोल्नुभएको थियो।

# पर्यटक दौडमा १८ देशका ५५ सहभागी

पोखरापत्र संवाददाता
पोखरा, ३१ चैत




पोखरामा जारी २० औं फेवा नव वर्ष महोत्सव २०८२ को दोश्रो दिन आइतबार लेकसाइडमा आयोजित पर्यटक दौड प्रतियोगितामा लण्डनबाट आएका साम प्रथम भएका छन्।

यसैगरी युके, रसिया र अमेरिकाका क्रमशः लियो, डेनिस र युसेफले द्वितीय, तृतीय र सान्त्वना स्थान हाँसिल गरे। महिला तर्फको छुट्टै मूल्यांकनमा फ्रान्सकी कोलिन प्रथम भइन्। फ्रान्सकी एलिजा द्वितीय भइन् भने रसियाकी मारिया तृतीय भइन्। चीनकी फ्लोराले सान्त्वना स्थान हाँसिल गरिन्। प्रतियोगितामा प्रथम हुनेले हाइ ग्राउण्ड एड्भेञ्चरबाट प्रदान गरिने बञ्जी सुविधा पाएका छन्। मायाको चिनो, प्रमाणपत्र, सिइङ हेण्ड्स ब्लाइण्ड मसाज क्लिनिकबाट मसाज सेवा र ब्यञ्जन रेष्टुरेण्टबाट खाना पनि उनीहरुले पाएका छन्।

द्वितीय हुनेले हाइग्राउण्डबाट प्रदान गरिने एटिभी सेवा प्राप्त गरे। एटिभी चार पांग्रे विशेष खालको सवारीमा गरिने सहासिक यात्रा हो। यसैगरी सिइङ हेण्डबाट ५० प्रतिशत शुल्क छुटसहितको मसाज र ब्यञ्जनमा खाना सुविधा पनि उनीहरुले पाउने छन्। तृतीय हुनेले हाइग्राउण्डबाट जिपलाइन सेवा, सिइङ हेण्डबाट २५ प्रतिशत शुल्क छुटसहितको मसाज सेवा र व्यञ्जनमा खाना पनि पाउने छन्। सान्त्वना स्थान प्राप्त गर्नेले हाइग्राउण्डबाट स्वीङ सेवा लिने छन्। निःशुल्क टिसट, अन्नपूर्ण केवल कार र सिइङ हेण्डबाट ५० प्रतिशत छुटमा मसाज सेवा सबै सहभागीले पाएका छन्।

खहरे र अम्बोट विचको दुई किलोमिटर लामो सडकमा रन फर फन नाम दिएर आयोजित दौडमा १८ देशका कूल ५५ पर्यटकले भाग लिएको प्रतियोगिता संयोजक हेमराज पहारीले जानकारी दिए।

संघका अध्यक्ष लक्ष्मण सुवेदीले सहभागी पर्यटकलाई धन्यवाद दिंदै प्रतियोगिताले पोखराको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे। कार्यक्रमको संचालन संघका महासचिव राजेन्द्र ढकालले गरेका थिए। महोत्सव अन्तर्गत शनिबारको तालिकामा संस्थागत व्याडमिन्टन प्रतियोगिता, दोहोरी गीतका कार्यक्रम, लाइभ व्याण्ड, नृत्य, डिजे तथा विविध सांस्कृतिक कार्यक्रम रहेका थिए। महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रा.ली, सह प्रायोजक वरुण वेभरेज लि.को पेप्सी, प्रायोजकहरुमा बन्दीपुर केवलकार लि. फोन पे, अन्नपुर्ण केवलकार लि, टोकला चिया रहेका छन्।

इन्स्योरेन्स पार्टनरमा प्रभु इन्स्योरेन्स कम्पनी र प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश,पोखरामहानगरपालिकका रहेका छन्।

# स्याङ्जामा ऐतिहासिक काल्खु मेला सुरु

पोखरापत्र संवाददाता
पोखरा, ३१ चैत



जनसम्पर्क युवा क्लबको आयोजनामा स्याङ्जाको पुतलीबजार नगरपालिका ९ काल्खुमा 'ऐतिहासिक काल्खु मेला सुरु' भएको छ।

'आजको आवश्यकता, समाज विकासमा युवाको अपरिहार्यता' भन्ने मुल नारासहित हरेक वर्षको चैत्र पुर्णिमादेखि पञ्चमी (वैशाख ५ गते) सम्म हुँदै आएको ऐतिहासिक मेला शनिबारदेखि सुरु भएको हो।

उक्त मेलाको उद्घाटन प्रमुख अतिथिसमेत रहेका बबता सेन ठकुरीले गरे। सो अबसरमा बोल्दै समाजसेवी ठकुरीले ग्रामिण तथा खेल पर्यटनको विकास गर्न उक्त मेलाले सघाउ पुर्याउने धारणा राखे। उनले काल्खुगाउँ तथा आसपासको विकासका लागि ऐतिहासिक मेलालाई निरन्तरता दिनुपर्नेमा जोड दिए। ठकुरीले आगामी दिनमासमेत उक्त मेलालाई भव्य बनाउका लागि आफ्नो तर्फबाट सधै सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। मेलाको उद्घाटनका क्रममा स्थानीय कला तथा संस्कृतिको प्रदर्शनीमार्फत विजेता र उपविजेता घोषणा गरिएको क्लबका प्रमुख सल्लाहकार जीवन थापामगरले जानकारी दिए। उनका अनुसार कुल ६ समूहको सहभागिता रहेको सो प्रतियोगिताबाट जागृती टोल विकास संस्था प्रथम बन्दै नगद रु १० हजारसहित पुरस्कृत बन्यो। जागृती टोल विकास संस्थाले काल्खुले कुसिन्डे भाका प्रस्तुत गरेको थियो। यस्तै उपविजेता बनेको जिवन ज्योती टोल विकास संस्थाले झ्याउरे भाका प्रस्तुत गरेकोक थियो। जिवन ज्योतीले नगद रु ५ हजार प्राप्त गर्यो। अब भलिबलका खेलहरु हुने क्लबका अध्यक्ष दिपक रानामगरले बताए। उनका अनुसार भलिबलतर्फको विजेतालाई नगद ८१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिनेछ। उपविजेता टोलीलाई नगद ४१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिनेछ। भने, तृतीय हुने टिमले नगद २१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र हात पार्नेछ। सो प्रतियोगिताबाट एउटा टिमलाई अनुशासित टिमको रुपमा नगद रु १२ हजारसहित पुरस्कृत गरिनेछ। यसैगरी मेलामा खुला नृत्य प्रतियोगितालाई पनि समावेश गरिएको छ।

नृत्य प्रतियोगितातर्फ प्रथम हुनेलाई ८ हजार रुपैयाँ, द्धित्तिय हुनेलाई ६ हजार, तृतीय हुनेलाई ४ हजार र सान्त्वना स्थान हाँसिल गर्नेलाई नगद रु २ हजारसहित पुरस्कृत गरिने अध्यक्ष रानामगरले जानकारी दिए। उनका अनुसार नववर्षको दिन ख्याती प्राप्त लोक तथा दोहोरी कलाकारहरु चोलेन्द्र पौडेल, माया गुरुङ, कृष्ण गुरुङ, घनश्याम रिजाल, शंकर पन्त, निश्चल थापा मगर, पारु गुरुङ र ममता तामाङले प्रस्तुती दिनेछिन्। भने, २ गते रेशम थापामगर, अर्चना चापागाँई र हो गुरुङले प्रस्तुती दिनेछन्। उद्घाटन समारोहमा राप्रपाका केन्द्रीय सदस्य हुकुम सिं राना, लिल बहादुर राना, इश्वर राना लगायतले बोलेका थिए।

क्लबका अध्यक्ष दिपक रानामगरको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रेम बहादुर रानाले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने, खिब बहादुर रानाले कार्यक्रम सञ्चालन गरेका थिए।

# आलु ...

उपभोक्ताले नाम दर्ता गराएको महोत्सव स्थलमा स्टल संचालन गरीरहेकी टिभीएस् सोरुम हेमजाकी प्रोप्राइटर मनिषा शर्माले बताइन्। सबै स्टलबाट व्यापार राम्रै भइराखेको छ, हामीहरु उहाँहरुको निरन्तर सम्पर्कमा पनि छौं, आज आइतबार साँझसम्म गरी २ करोड ५० लाख बढीको कारोवार भएको अनुमान छ, पक्कै पनि यो हामी सबैका लागि खुशीको कुरा हो, आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले भने। त्यहाँ आलु खरिद गर्नकै लागि पोखरा लगायत छिमेकी अन्नपूर्ण एवम् माछापुच्छ्रे गाउँपालिका, स्याङजा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी, रुपन्देही लगायतका जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुगेका छन्। आइतबार साँझसम्म २६ लाख बढीको आलु कारोवार भएको छ। त्यहाँ प्रतिकेजी रु.४२ मा आलु बिक्री गरिएको छ। हेमजाको आलु बढी स्वास्थ्यकर मानिने, छिटो पाक्ने तथा खानमा पनि स्वादिलो र मिठो हुने भएकाले अधिकाशं उपभोक्ताको रोजाईमा पर्ने गरेको छ।

महोत्सव बाहेक हेमजाका अन्य ठाउँहरुबाट समेत यतिवेला आलुको कारोवार भइरहेको छ। महोत्सवमा आइतबार कलाकारहरु वसन्त थापा, कृष्ण अखेली, कृष्ण गुरुङ, प्रेमराज अधिकारी, नेत्र खड्का, शिव पौडेल, लक्ष्मी बानियाँ, राजेश वर्देवा, रोशन ŋयापर र अनिल शाहीका प्रस्तुतिहरु रहे भने सोमबार नयाँवर्षको अवसरमा कलाकारहरु बद्री पंगेनी, चोलेन्द्र पौडेल, कृष्ण अखेली, सीता परियार, सन्ध्या विसी, अनिल चापागाईं, संजीव सिंह राना तथा आवाज व्याण्डका प्रस्तुतिहरु रहने संस्कृतिक उपसमिति संयोजक सुर्य कुँवरले जानकारी दिए। यही चैत २४ बाट सुरु महोत्सव बैशाख ३ गतेसम्म चल्नेछ।समापनको दिन रक्तदान कार्यक्रम समेत आयोजना गरिएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्वन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# नयाँ वर्षले सकारात्मक सोच ल्याउन सकोस

नेपालीहरुले मान्दै आएको पात्रो (क्यालेण्डर) फेरिएको छ । नेपालमा विक्रमाब्दले चलनमा ल्याएको सम्वतलाई नै मानिदै आएको छ । नेपालले मानेको पात्रो २०८२ शुरु भएको छ । वि.स. २०८१ लाई विदाई गेरर नयाँ वर्ष सुरु हुने गर्दछ । नयाँ वर्षको सुरुमै नयाँ कामको थालनी गर्ने, शुभकामना आदानप्रदान गर्ने काम भएका छन् । विदेशमा रहेका नेपालीहरुले समेत नयाँ वर्षको सुरुआतको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउने गर्दछन् । नेपालले मानेको विभिन्न सम्वत मध्ये विक्रम सम्वतले सरकारी कामकाज मान्यता पाएको छ । हुनत अन्य सम्वतलाई पनि मान्यता दिइएको छ । विक्रमसम्वतले विशेष महत्व पाउदै आएको छ । २०८१ साल पनि आगजनी, हिंसा, आक्रमण र हमला, प्रकोपले गर्दा कमजोर र गरिबलाई बाँच्न गाह्रो बनाएर गएको छ । दुई ठूला दल मिलेर मजबुत सरकार बन्दा पनि सेवा प्रवाह चुस्त हुन नसक्दा जनतामा असन्तुष्टि बढेर गएको छ । नेपाली जनताले पाएका अधिकार खोस्न प्रतिगमनकारी सक्रिय भएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र विरुद्ध राजतन्त्र पक्षधर लागेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न लाग्नुपर्ने बेला गणतन्त्र मान्ने दलहरूबीच तिक्त देखिनु विडम्बना हो ।

धनी र शक्तिशाली देशले साना र कमजोरलाई युद्धमा उक्साउछन भन्ने देखाएको छ । गरिब तथा कमजोर मुलुकले जनतालाई राहत दिन, महँगीको मारबाट कसरी बचाउने, स्वास्थ्य उपचार र रोग नियन्त्रणका लागि गरिएका कामले आफ्ना नागरिकलाई सन्तुष्ट राख्न सकेनन । नेपालको आर्थिक अवस्था निकै कमजोर बन्न पुग्यो । हरेक सूचकांक देशको आर्थिक अवस्था खस्किएको देखाएको छ । राजनीतिक अस्थिरता, सरकार फेरबदल, प्रदेश सरकार अस्थिर, हरेक क्षेत्रमा असन्तुष्टि र राज्यका सबै अंगले काम गर्न नसक्ने अवस्थाले जनतामा निराशा पलाएको छ । आर्थिक अवस्था खस्कदै जाने काम भयो । बजेट निर्माणमा व्यापारीका प्रतिनिधि राखेर करका दर हेरफेर गर्ने काम भयो । हरेक काम सेटिङका आधारमा हुने गरे । राजनीतक दलहरूबीचको सम्बन्ध सुमधुर हुन सकेन । देशका सबै अंगलाई कमजोर बनाउने विदेशी योजनाले सार्थकता पाए । राजनीति मुल्य र मान्यता विपरीतचल्ने, सहकारीलाई ठगेरखाने भाँडो बनाउने र कार्यवाही गर्दा उल्टै ठूलो स्वर निकालेर जो चोरउस्कै ठूलो स्वरगरेका छन् । देशमा बलियो राजनीतिक शक्तिलाई कमजोर बनाएर अस्थिर बनाउनखोज्ने हावी हुनखोज्नेलाई बेलैमा चिन्न नसक्दा सरकारको स्थायित्वमा प्रश्न उठ्ने गरेको छ । देशको पुर्वाधार विकास, आर्थिक अनुशासन कायम गर्न,राष्ट्रिय स्वाभिमानका लागि बलियो देशभक्त शक्ति चाहिन्छ भन्ने बोध जनतालाई भएको छ ।

देश हरेक क्षेत्रमा आत्मनिर्भर हुनुपर्छ भन्ने चेतको विकास गर्न दलहरूबीचको सम्बन्ध राम्रो बनाउन लाग्नुपर्छ । प्राकृतिक विपत्ति, आर्थिक, सामाजिक र साँस्कृतिक, स्वास्थ्य, शिक्षा, हरेक क्षेत्रमा पारेको असरले जनतालाई निराश बनाउने काम अघिल्लो सालले गरेको छ । सबैभन्दा जनतालाई निराश बनाउने काम दलहरूको गतिविधिले गरेको छ । राज्यकोषको दोहोन गर्ने, फरक विचार राख्ने माथि अमर्यादित र अश्लील शब्द प्रयोग गर्ने ,भ्रामक समाचार बनाउने काम रोक्न जिम्मेवार राजनीतिक दलहरु लाग्नुपर्छ , हरेक क्षेत्रमा निराशा र अस्थिरता ल्याउन खोज्नेलाई चिनेर जनतालाई सही सूचना दिने, सुशासन कायमगर्न र आर्थिक अबस्थामा सुधार, स्वास्थ्य संस्थालाई बलियो बनाउने गरि संरचना निर्माण थालिनु, सडक, पुल बनाउने कामलाई तीब्रता दिनुपर्छ । विकासको दृष्टिकोण भएको बलियो राजनीतिक शक्ति चाहिने महसुश भएको छ । लोकतान्त्रिक र बामपंथी र सुशासन चाहनेको सरकार बनेको छाजनतालाई सुशासन दिन र समाजवादका आधार निर्माण गर्न सरकारले देशमा केही हुन्छ भन्ने सन्देस दिन सक्नुपर्छ । नकारात्मक सोच, घृणा र प्रतिशोधको भावना छाडेर जनतामा आशाको सन्देश दिन राजनीतिक दलले सक्ने सद्बुद्धि र शुभभावना आउन सकोस नयाँ वर्ष २०८२ को शुभकामना !

# केपी ओली कप टी २० क्रिकेट जारी

## समूह सी बाट हिमाल फ्रेन्ड्स सेमीफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ चैत

पोखरामा जारी दोस्रो संस्करणको केपी ओली कप टी २० खुल्ला राष्ट्रिय क्लब स्तरीय क्रिकेट प्रतियोगितामा हिमाल फ्रेन्डसले अन्तिम चारमा स्थान बनाएको छ ।

आइतबार भएको समूह 'सी' को अन्तिम खेल वर्षाका कारण रोकिएपछि हिमाल फ्रेन्डसले डकवर्थ लुइस स्टर्न मेथड (डिएलएस) को आधारमा ३ रनले मधेश प्रदेशलाई हराउँदै समूह विजेता बन्न सफल भएको हो । चार टिम रहेको समूह 'सी' को अन्तिम चरण अन्तरगतको पहिलो खेलमा लुम्बिनी खुकुरी क्रिकेट क्लबले कर्णाली एकेडेमीलाई ५ विकेटले हराएको छ । १०२ रनको विजयी लक्ष्य पाएको लुम्बिनीले १७ ओभरमा ५ विकेटको क्षतिमा १०२ रन बनायो । तुलबहादुर थापाले २८ रनको अविजित पारी खेले उनले १४ बलमा २ चौका र २ छक्का प्रहार गरे । सन्दिप राजालीले २७ रनमा अविजित रहे । उनले ३७ बलमा १ चौका र १ छक्का प्रहार गरे । ओपनर देव खनाल २ रनमै आउट भए । रन्जित खत्रीले २१, प्रज्वल थापा ६, निश्चल चौधरी ७ र मोहम्मद हुसेन ८ रनमा आउट भए । कर्णालीका लागि नरेन्द्र सन्जाल र सुवाष भण्डारीले २-२ तथा कृष्ण कार्कीले १ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले २० ओभरमा ९ विकेट गुमाउँदै १०१ रन बनायो । कर्णालीका लागि सुवाष भण्डारीले २६ रनको योगदान दिए । उनले २२ बलमा ५ चौका प्रहार गरे । सौरभ सर्कमीले २३ रनको योगदान दिए । उनले २२ बलमा ३ चौका र १ छक्का प्रहार गरे । विपिन शाहीले १९ तथा कृष्ण कार्कीले १३ रनको योगदान दिए । नरेन्द्र सन्जाल र दिपेन्द्र यादव समान ५/५ रनमा नटआउट रहे । ओपनर अदित्य विक्रम शाह र अरुण ऐरी शुन्यमै पेभिलियन फर्किए भने रविन्द्रजंग शाही १, हिमान्सु शाही ८, राजप्रसाद शाह १ रनमा आउट भए ।

लुम्बिनीका लागि एकलाख अहमेदले ४ ओभरमा २१ रन खर्चेर सर्वाधिक ४ विकेट लिए । अजय कुमार चौहानले ४ ओभरमा २ मेडनसहित ९ रन खर्चेर ३ विकेट लिए । मोहम्मद हुसेन र सन्देश थापाले १/१ विकेट लिए । खेलको प्लेयरअफ दी म्याच एकलाख अहमेद घोषित भए । दोस्रो खेलमा वर्षा बाधक बन्दा मधेशलाई घाटा हुन पुग्यो । ११ ओभरको खेल सकिदासम्म मधेश ६४ रन बनाउँदा ४ विकेट गुमाएको स्थितिमा थियो । वर्षाका कारण हिमाल फ्रेन्स डीएल मेडथ अनुसार ३ रनले विजयी भयो । खेल रोकिनुअघि मधेशका ओपनर रोहन विकले ३० रनको योगदान दिएका थिए । उनले २७ बलमा ४ चौका प्रहार गरे । रवि सिंहले १८ रन बनाए । उनले २३ बलमा १ चौका र १ छक्का प्रहार गरे । एक्युव अन्सारी ४ र अरनिको यादव ५ रनमा आउट भए । विशाल सुस्लिङ ३ र दिपेश दास १ रनमा नटआउट रहे । त्यसअघि टस जितेर ब्याटिङ थालेको हिमाले फ्रेन्डसले २० ओभरमा ९ विकेट गुमाउँदै १२३ रन बनायो । आयुव चन्दले सर्वाधिक ३६ रनको योगदान दिए । उनले ३४ बलमा ६ चौका र १ छक्का प्रहार गरे । अभिनाश सिंहले १६ रनको योगदान दिए । अरुण दानी १५ रनमा नटआउट रहे । सन्जय बोहोराले २२ रनको योगदान दिए । उनले २० बलमा २ चौका र १ छक्का प्रहार गरे । ओपनर सुबोध ऐरी ८, सुनम बुढाथोकी, दिपक रोकाया र अभिनाष बस्याल शुन्य, सन्दिप भण्डारी ५ तथा मनसुन सिंह ३ रनमा आउट भए । मधेशका लागि विशाल सुस्लिङले ४ ओभरमा ८ रन खर्चेर ३ विकेट लिए । रुपेश सिंह र प्रदिप पासवानले समान २-२ विकेट लिए । खेलको प्लेयर अफ दी म्याच दिपक रोकाया घोषित भए । हिमाल फ्रेन्ड्सको कुल ३ खेलबाट २ जितसहित कुल ५ अंक रह्यो । समान खेल खेलेको लुम्बिनी २ जित १ हारसहित ४ अंकका साथ दोस्रो स्थानमा रह्यो । ३ खेलमा १ जित १ हारसहित कर्णालीको ३ अंक रहँदै तेस्रो स्थानमा रहँदा ३ खेलमै हार व्होरेको मधेश अंकविहिन हुँदै बाहिरियो । प्रतियोगितामा यस अघि काठमाडौं, गण्डकी हिरोज सेमीफाइनलमा प्रवेश गरिसकेको छ । प्रतियोगिताको दशौं दिन भोलि समूह 'डी' तर्फको सुन्दर हेरचाह आईसिसी र आत्रेय क्रिकेट क्लबबिच पहिलो तथा मालपोखरी क्रिकेट क्लब र होरिजोन क्रिकेट क्लब बिच दोस्रो खेल हुनेछ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ पिपलडाली देखि खानेपानी टंकीसम्म सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः पिपलडालीदेखि खानेपानी टंकीसम्म
ठेगानाः पोखरा-२१
योजना सम्झौता मितिः २०८१/०९/०२ गते
योजना सम्पन्न भएको मितिः २०८१/१२/२० गते
योजना सम्पन्न भएको मितिः २०८१/१२/१५ गते
योजनाको कुल लागतः रु.११,८३,५२५.४४
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु.१,८३,५२५.४४
अध्यक्षः प्रकाश पौडेल
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**पिपलडालीदेखि खानेपानी टंकीसम्म सडक उपभोक्ता समिति पोखरा-२१**

# बन्दीपुरमा आन्तरिक पर्यटकको घुइँचो

**पोखरापत्र संवाददाता**
दमौली, ३१ चैत

नयाँ वर्षको पूर्वसन्ध्यामा पर्यटकीय नगरी बन्दीपुरमा आन्तरिक पर्यटकको घुइँचो लागेको छ । पहाडकी 'रानी' नामले परिचित बन्दीपुरमा नयाँ वर्ष मनाउने आन्तरिक पर्यटकको घुइँचो बढेको हो ।

'बन्दीपुर भ्रमण वर्ष-२०२५' चलिरहेका बेला आन्तरिक पर्यटकको चहलपहल बढेपछि पर्यटन व्यवसायी उत्साहित भएका छन् । बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले नयाँ वर्ष मनाउन पर्यटकको आगमन बढेपछि कारोबार पनि वृद्धि भएको बताउनुभयो ।

यसअघि दैनिक करिब एक हजार आन्तरिक तथा बाह्य पर्यटक आउने गरेकामा पछिल्लो दुई दिनयता आगन्तुकको सङ्ख्या बढेर दैनिक दुई हजार पुगेको उहाँले जानकारी दिनुभयो । "दुई हजार जनाले बास बस्नेसक्ने क्षमता यहाँका होटलको छ । तर, पछिल्लो दुई दिनदेखि यहाँका सबै होटल भरिभराउ भएका छन्", उहाँले भन्नुभयो ।

नयाँ वर्ष लक्षित पर्यटकको आगमन दोब्बरले बढेको जनाउँदै अध्यक्ष प्रधानले अहिले यहाँका होटलले १५ प्रतिशत छुटको व्यवस्था गरेका जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नयाँ वर्षमा यहाँ आयोजना गरिएको स्थानीय परिकारका खानाको महोत्सवले पनि पर्यटकको आगमन बढाएको हो । शनिबारदेखि यहाँ पर्यटकको चहलपहल बढेको छ ।" अन्य समयमा घुमेर फर्किने पर्यटक बढी हुने गरेकामा नयाँ वर्षमा बास बस्न आउनेको सङ्ख्या वृद्धि भएको उहाँको भनाइ छ । अध्यक्ष प्रधानका अनुसार नयाँ वर्षलाई लक्षितगरी बन्दीपुरमा दुई हजार बढी पर्यटक आइपुगेका छन् । यहाँ आएकामध्ये ८० प्रतिशत बास बसेका छन् । यस वर्ष यहाँ दुई लाख १० हजार पर्यटक आएकामध्ये ६० बाह्य र एक लाख ५० हजार आन्तरिक पर्यटक रहेका बन्दीपुर भ्रमण वर्ष सचिवालयले जनाएको छ ।

बन्दीपुर सामुदायिक होमस्टेकी दिलकुमारी थापाले नयाँ वर्षको आगमनसँगै आन्तरिक पाहुँनाको आगमन बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "होमस्टेमा पारिवारिक हिसाबले बस्न पाइने भएकाले पनि आन्तरिक पाहुना होमस्टेमा बस्न रुचाउँछन् ।" यहाँ होटल सङ्घसँग आबद्ध सानाठूला गरी ७७ होटल सञ्चालित छन् । यहाँ शनिबारदेखि स्थानीय जातका (रैथाने) खाना महोत्सव सुरु भएको छ ।

महोत्सवको औपचारिक उद्घाटन आज गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गर्दै हुनुहुन्छ ।

महोत्सव आगामी वैशाख २ गतेसम्म सञ्चालन हुनेछ । यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न सांस्कृतिक महोत्सव आयोजना गरिएको भ्रमण वर्षका संयोजक वैशबहादुर गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "भ्रमण वर्ष घोषणा गरेर हामी यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा जुटेका छौँ । सन् २०२५ भरी यहाँ विविध कार्यक्रम आयोजना गरी यस क्षेत्रको प्रचारप्रसार गर्नेछौं ।" महोत्सवमा मगर, नेवार, गुरुङ, ब्राम्हणलगायत अन्य जातजातिका सांस्कृतिक नाँचलाई सडक खाना महोत्सवमा समावेश गरिएको बन्दीपुर भ्रमण वर्षका प्रचारप्रसार संयोजक राजु बानियाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीट्जरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएका छन् ।

बन्दीपुरमा हाल वार्षिक एक लाख पर्यटक आउने गरेकामा सो सङ्ख्यालाई दोब्बर बनाउने लक्ष्यसहित भ्रमण वर्ष सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो । उहाँका अनुसार खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख पर्यटकीय गन्तव्यका रुपमा सूचीकृत गरेको छ ।

भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरु, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थल यहाँ आउने पर्यटकको रोजाइमा पर्ने अध्यक्ष थापाले उल्लेख गर्नुभयो ।

# स्वास्थ्यकर्मी गण्डकी मेडिकल कलेज इकाईको क्यालेन्डर बिमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ चैत

नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी मेडिकल कलेज इकाइ समिति २०८२ सालको क्यालेन्डर आइतवार बिमोचन भएको छ ।

"आपसी प्रेम र सदभाव "भन्ने मान्यतालाई मनन गर्दै गण्डकी मेडिकल कलेज अस्पताल परिसरमा क्यालेन्डर बिमोचन गरीएको हो । गण्डकी मेडिकल कलेजका प्राचार्य डा रवीन्द्र पसाद श्रेष्ठले ब्यानरमा हस्ताक्षर गर्दै कार्यक्रम शुरु गरेका थिए । कार्यक्रमले भावनात्मक एकता कायमभई कलेजको बिकासमा सहयोग पुग्ने प्राचार्य श्रेष्ठले बताए । प्राचार्य डा.रवीन्द्र प्रसाद श्रेष्ठ र इकाई समितिका अध्यक्ष



दीपक कार्कीले संयुक्त रुपमा भित्रे पात्रो सार्वजनिक गर्दै सम्पूर्ण कर्मचारी एवम् व्यवस्थापन बिच भावनात्मक एकता हुनुपर्नेमा जोड दिए । क्यालेन्डर प्रकाशन समितिका संयोजक हरि बहादुर बस्नेतले यस्तो बिषम परिस्थितिमा सहयोग गर्ने सबै व्यक्तिहरुलाई धन्यवाद दिए ।

ईकाई समितिका अध्यक्ष कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा समितिका उपाध्यक्ष एवं बालरोग विशेषज्ञ डा शंकर पौडेलले स्वागत र सचिव राजन पोखेलले संचालन गरेका थिए । कार्यक्रममा कलेजमा कार्यरत चिकित्सक , शिक्षक, स्वास्थ्यकर्मी, विद्यार्थी एवं कर्मचारीहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# डढेलोले एक सय हेक्टर वन नष्ट

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ चैत

यस वर्ष डढेलोका कारण जिल्लामा करिब एक सय हेक्टर वनमा क्षति पुगेको छ ।

जिल्लामा रहेका २८ सामुदायिक वनको ९९ हेक्टर क्षेत्रफलमा डढेलोले क्षति पुऱ्याएको डिभिजन वन कार्यालयले जनाएको छ । कार्यालयका वन अधिकृत विनयबहादुर अधिकारीले सबैभन्दा बढी धवलागिरि गाउँपालिकास्थित नौ वटा सामुदायिक वनमा डढेलो लागेको जानकारी दिनुभयो । उहाँका अनुसार मालिका गाउँपालिकाको चार, मङ्गला गाउँपालिकाको दुई, रघुगङ्गा गाउँपालिकाको चार, अन्नपूर्ण गाउँपालिकाको छ र बेनी नगरपालिकाको तीन वटा सामुदायिक वनमा डढेलो लागेको छ । "विगतका वर्षका तुलनामा यस वर्ष डढेलो कम लागेको छ", अधिकारीले भन्नुभयो, "शुक्रबार र शनिबारको वर्षाले पछिल्लो पटक वनजङ्गलमा लागेको डढेलो निभाएकाले मौसम सफा र सुन्दर देखिएको छ ।" घाँस पलाउने बहानामा, अवैध सिकार र आगोको जथाभावी प्रयोगले वनजङ्गलमा डढेलो लाग्ने गरेको उहाँको भनाइ छ । गोठालाहरूले राम्रो घाँस पलाउँछ भनेर जङ्गल र भिरमा आगो लगाउने गरेका भन्दै वन अधिकृत अधिकारीले सिकारीहरूले वन्यजन्तु र पन्छीलाई भगाउन पनि डढेलो लगाउने गरेको पाइएको उल्लेख गर्नुभयो । उहाँका अनुसार जिल्लामा दुई लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफल वनले ओगटेको छ ।

अधिकारीले ३६ दशमलव ७६ प्रतिशत वन, एक दशमलव ८५ प्रतिशत झाडी र २१ दशमलव २७ प्रतिशत चरन क्षेत्र रहेका जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा तीन सय १० सामुदायिक वन उपभोक्ता समूह छन् । वन डढेलो नियन्त्रणका लागि समुदायमा आधारित वन व्यवस्थापनसम्बन्धी कार्यक्रम गर्ने, डढेलो नियन्त्रण सञ्जाल गठन गर्ने, अग्निरेखा निर्माणलगायत काममा आवश्यक सहजीकरण गर्नुका साथै सुरक्षा निकायलाई आवश्यकपर्ने सामग्री सहयोग गरिएको डिभिजन वन अधिकृत विष्णु अधिकारीले जानकारी दिनुभयो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# वर्ष २०८१: स्वास्थ्य क्षेत्रमा उपलब्धि, विवाद र क्षति

**बुनु थारु**
काठमाडौं, ३१ चैत /रासस

विसं २०८१ मा स्वास्थ्य क्षेत्रले केही उपलब्धि, विवाद र वैदेशिक सहायता अनुदान कटौतीको असर व्होर्नुपऱ्यो । यस वर्ष स्वास्थ्य बिमाको चर्चासँगै वरिष्ठलाई पन्छाएर कनिष्ठलाई स्वास्थ्य सचिव नियुक्ति गरिएको विषय विवादमा रूपमा देखियो । पाठेघरको मुखको क्यान्सरविरुद्ध प्रयोग हुने ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोपको उपलब्धता र जडीबुटी कम्पनीमा आगजनीलगायत घटनाले यस वर्ष चर्चा पाएका हुन् । पूर्वराजा सर्मथकको प्रदर्शनमा भौतिक पूर्वाधारमा ठूलो क्षति हुँदा औषधि उत्पादन ठप्प हुने अवस्था सिर्जना भएको छ । अर्कोतर्फ वैदेशिक सहायता रोकिँदा आधारभूत स्वास्थ्य सेवाबाट विकट गाउँका महिला तथा बालबालिका प्रभावित भएका छन् । यी असहजताका बीच पनि स्वास्थ्य क्षेत्रले यो वर्ष पाएका केही उपलब्धि हासिल गरेको छ ।

**करिब १७ लाख किशोरीले लगाए एचपिभी खोप**

पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने 'एचपिभी खोप' अभियान आगामी वर्षदेखि नियमित तालिकामा समावेश गरी सञ्चालन गरिने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यो यस वर्ष महत्त्वपूर्ण उपलब्धि हो । मन्त्रालयले गत माघ २२ देखि फागुन ६ गतेसम्म एचपिभी खोप अभियान सञ्चालन गरेको थियो । उक्त अभियानमा करिब १७ लाख किशोरी लाभान्वित भएका छन् ।

महिलाहरूमा हुने क्यान्सरमध्ये नेपालमा यो पहिलो स्थानमा र विश्वमा चौथो स्थानमा छ । नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चारजना महिलाको मृत्यु भइरहेको तथ्याङ्क छ ।

**स्वास्थ्य बिमा प्रतिवेदनले देखाएको बाटो**

स्तरीय स्वास्थ्य सेवालाई जनताको पहुँचसम्म पुऱ्याउनका लागि सरकारले स्वास्थ्य बिमा कार्यक्रम सुरु गरे पनि विभिन्न समयमा यसको दिगोपनमा प्रश्न उठिरहन्छ । स्वास्थ्य बिमा बोर्डको संरचना र कार्यप्रणालीमा नयाँपन ल्याउन नसके स्वास्थ्य बिमा समस्या बल्भिइरहने जानकारहरू बताउँछन् । स्वास्थ्य बिमा लागू भएको १० वर्षमा २० प्रतिशत मात्र नागरिक यसमा आबद्ध छन् । हालै सार्वजनिक गरिएको स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदनले स्वास्थ्य बिमा कार्यक्रमलाई सुधार गर्नसक्ने प्रशस्त मार्ग देखाएको छ । घातक रोग लाग्दा अहिलेको सुविधा थैलीले धान्ने अवस्था नरहेकाले व्यक्तिको तिर्न सक्ने क्षमताको आधारमा प्रिमियम र सह भुक्तानीको समेत व्यवस्था गरी सुविधाको थैली कम्तीमा रु पाँच लाख पुऱ्याउनुपर्ने सुझाव दिइएको छ । स्वास्थ्य बिमाको पुनर्संरचना र नामकरण, बोर्डलाई आधुनिक सूचना प्रणालीको प्रयोगमार्फत पूर्ण स्वचालित बनाउने, सुविधा थैलीको दायरा फराकिलो बनाउनेलगायत सुझाव कार्यदलको प्रतिवेदनमा उल्लेख गरिएका छन् । स्वास्थ्य बिमामा आमनागरिकलाई अनिवार्य आबद्ध गर्ने र सरकारी कर्मचारी तथा सङ्गठित क्षेत्रका कामदारलाई सरकारबाट निर्णय गराई स्वास्थ्य बिमामा आबद्ध गर्ने भनिएको छ । हालै बोर्डका कार्यकारी निर्देशकमा डा रघुराज काफ्ले र अध्यक्षमा चन्द्रबहादुर थापा क्षेत्री नियुक्त हुनुभएको छ । उहाँहरूबाट बिमाका क्षेत्रमा उल्लेख्य सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

**सुर्तीजन्य पदार्थको बट्टामा अनिवार्य शतप्रतिशत घातक चित्र**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आगामी भदौ १ गतेदेखि सुर्तीजन्य पदार्थको बट्टामा अनिवार्य रूपमा सतप्रतिशत घातक चित्र छाप्नुपर्ने नियम ल्याएको छ ।

यसअघि भएको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश छाप्नुपर्ने व्यवस्थामा संशोधन गर्दै 'सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका, २०८१' स्वीकृत गर्दै चेतावनीमूलक सन्देश र घातक रङ्गीन चित्र नभएका सुर्तीजन्य पदार्थ उत्पादन, बिक्री र खरिद गर्न नपाउने व्यवस्था गरिएको हो ।

**बालबालिकालाई क्यान्सरविरुद्ध औषधि**

नेपालले 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स' अन्तर्गत बालबालिकामा हुने क्यान्सरको उपचार गर्न पहिलो चरणमा एक वर्षका लागि तीन किसिमका अत्यावश्यक औषधि प्राप्त गरेको छ । बालबालिकामा हुने क्यान्सरको उपचारका लागि भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर क्यान्सर अस्पतालमा ती औषधि उपलब्ध भएका हुन् । सम्झौताअनुसार आगामी पाँच वर्ष (सन् २०२५ देखि २०३० सम्म) का लागि क्यान्सर मेडिसिन्सले ३५ प्रकारका अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउनेछ । नेपालमा हरेक वर्ष करिब एक हजार ५०० बालबालिकामा क्यान्सर देखिने गरेको छ ।

**पक्षघातको औषधि वितरण**

सरकारले मस्तिष्क पक्षघात (ब्रेनस्ट्रोक) भएका नागरिकलाई निःशुल्क उपचार उपलब्ध गराउने भएको छ । अमेरिकी दातृ संस्था 'डाइरेक्ट रिलिफ'को सहयोग र नेपालको 'वन हर्ट वर्ल्डवाइड' को सहजीकरणमा मस्तिष्क पक्षघातका बिरामीलाई निःशुल्क उपचारसहित औषधि उपलब्ध गराउने भएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रारम्भिक चरणमा वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल र भरतपुर अस्पतालमा औषधि उपलब्ध हुने जनाएको छ ।

**जलन प्रभावितलाई निःशुल्क उपचार**

सरकारले जलन प्रभावित नागरिकको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ । कस्मेटिकबाहेकका जलनसम्बन्धी सम्पूर्ण समस्याको निःशुल्क उपचारको व्यवस्था गरिएको हो ।

**नेपाल औषधि लिमिटेडलाई जिएमपी प्रमाणपत्र**

नेपाल औषधि लिमिटेडले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार कुशल औषधि उत्पादन अभ्यास (जिएमपी) प्रमाणपत्र प्राप्त गरेको छ । लिमिटेडले सम्पूर्ण मापदण्ड पूरा गरेपछि स्थापना भएको पाँच दशकपछि औषधि व्यवस्था विभागबाट अन्तरराष्ट्रिय मान्यताको उक्त प्रमाणपत्र प्राप्त गरेको हो । प्रमाणपत्र प्राप्त भएसँगै कम्पनीलाई औषधि बिक्री, विदेशमा निर्यात र अन्तरराष्ट्रियस्तरमा हुने बोलपत्रमा सहभागी हुन मार्ग प्रशस्त भएको छ । हाल कम्पनीले ओरल रिहाइड्रेसन साल्ट (ओआरएस), ट्याबलेट र हेमोग्लोबिन फ्लुइड (पार्ट-१ र २) अन्तर्गत १४ किसिमका औषधि उत्पादन गरिरहेको जनाएको छ ।

**स्तन क्यान्सर वंशानुगत परीक्षण**

स्तन क्यान्सरको वंशानुगत परीक्षण (जिन सिक्वेन्सिङ) अब राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा सम्भव भएको छ । यसअघि उक्त परीक्षणका लागि देशबाहिर नमूना पठाउनुपर्ने बाध्यता थियो । यो परीक्षणले स्तन क्यान्सर वंशानुगत कारणले हुनसक्ने सम्भावना रहे/नरहेको पत्ता लगाउनेछ । सोही आधारमा प्रारम्भिक चरणमा उपचार गर्न सकिएमा स्तन क्यान्सरबाट पीडितलाई जोगाउन सकिने चिकित्सकहरूको भनाइ छ ।

**अर्धवार्षिक प्रगति विवरणमा स्वास्थ्य मन्त्रालय दोस्रो**

मन्त्रालय/निकायगत माइलस्टोनको अर्धवार्षिक प्रगति विवरणमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय दोस्रो स्थानमा छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सार्वजनिक गरेको गत पुससम्मको कार्यप्रगतिका आधारमा मन्त्रालय तथा निकायगत आधारमा तेस्रो तथा मन्त्रालयहरूबीचको मूल्याङ्कनमा स्वास्थ्य मन्त्रालय दोस्रो स्थानमा रहेको हो । सार्वजनिक विवरणअनुसार गत पुस मसान्तसम्ममा स्वास्थ्य मन्त्रालयले सम्पन्न गर्नुपर्ने ११ काममध्ये नौ वटा सम्पन्न गरिसकेको उल्लेख छ । यी प्रगतिका आधारमा कार्यालयले स्वास्थ्य मन्त्रालयलाई ८१ दशमलव आठ अङ्क प्रदान गरिएको हो । साथै चालु आवमा सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिमा समेत मन्त्रालयले ७० अङ्क प्राप्त गरेको छ ।

**जडीबुटी कम्पनीमा क्षति**

यही चैत १५ गते पूर्वराजा समर्थकले प्रदर्शनका क्रममा कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा आगजानी गर्दा करौडौंको क्षति भएको छ । गुड म्यानुफ्याक्चरिङ प्राक्टिस् (जिएमपी) सुविधासहित भवनमा क्षति पुग्नुका साथै आगजनीले औषधि उत्पादनमा प्रयोग हुने कच्चापदार्थ, उपकरण, प्याकेजिङका उपकरण, फर्निचर, कागजातगायत सामग्री जलेर नष्ट भएका हुन् । उक्त कम्पनीको पुनर्संरचना समयमा नगर्ने हो भने यसलाई पहिलाको अवस्थामा फर्काउन वर्षौं लाग्ने अनुमान गरिएको छ ।

**युएसएआइडीले सहयोग रोक्दा स्वास्थ्य क्षेत्रमा असर**

स्वास्थ्य क्षेत्रलाई यो वर्ष अमेरिकी सहयोग नियोग (युएसएआइडी) ले झट्का दिएको छ । युएसएआइडीले सहयोग रोकेपछि स्वास्थ्य क्षेत्रका कार्यक्रममा दीर्घकालीन असर पर्ने देखिन्छ । पोषण, खोप, नवजात तथा मातृशिशु स्वास्थ्य, प्रजनन स्वास्थ्यलगायत कार्यक्रमा प्रभाव पर्ने देखिएको हो ।

साथै यसले सन् २०३० सम्म दिगो विकास हासिल गर्ने लक्ष्यसमेत प्रभावित पार्नेछ । अमेरिकी सरकारले नेपालको स्वास्थ्य क्षेत्रमा वार्षिक ५ मिलियन डलर सहयोग गर्दै आएको थियो । नेपालको स्वास्थ्य क्षेत्र सुधारका लागि कूल बजेटको कम्तीमा १० प्रतिशत हिस्सा छुट्याउनुपर्छ भनेर विज्ञहरूले आवाज उठाउँदै आए पनि यो क्षेत्र प्राथमिकतामा पर्न सकेको छैन । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले स्वास्थ्यको बजेट सिलिङ घटेर आउँदा चुनौती थपिएको भन्दै यसलाई अवसरका रूपमा पनि लिइएको बताउनुभयो । अमेरिकी निकायको सहयोग रोकिँदा कार्यक्रम प्रभावित भए पनि प्राथमिकताका कार्यक्रम निरन्तर हुने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्य क्षेत्रमा बजेटको कमी छ । कूल बजेटको १० प्रतिशत मात्रै यो क्षेत्रका लागि विनियोजन हुन्छ । बजेट बढाउने हो भने आधारभूत स्वास्थ्य र आकस्मिक स्वास्थ्य सेवाबाट कोही बञ्चित हुँदैनथे । हामी स्वास्थ्य बिमाको प्रतिवेदनको सुझाव पनि कार्यान्वयन गर्ने प्रयासरत छौं ।" प्रवक्ता बुढाथोकीले लामो समयदेखि विचाराधीन तीन सय ९६ वटा आधारभूत अस्पतालको काममा समस्या देखिएको भन्दै यथाशीघ्र समाधान गर्ने उपाय खोजिने बताउनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल सक्रिय मन्त्रीका रूपमा देखिनुभएको छ । 'काम गर्ने जोस् छ' भनेर कतिपयले खुसी व्यक्त गरेका छन् भने कतिपयले 'पुरानो कार्यक्रमको निरन्तरता र घोषणाबाजीमा समय बिताएको' भनेर नयाँ योजनासहित प्रभावकारी कदम चाल्नुपर्ने सुझाव दिएका छन् । जनस्वास्थ्यविद् डा रीता थापाले स्वास्थ्य क्षेत्रको लगानी रोकथाममा भन्दा उपचार खर्चमा बढी गइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो समय नसर्ने रोग बढिरहेको छ । रोकथाम गर्न सकिने रोगमा पनि हामीले ध्यान दिन सकिरहेका छैनौं । उपचार खर्चमा मात्र ध्यान दिँदा खर्चिलो बन्दै जानुका साथै अनावश्यक बजेट गइरहेको छ ।"

स्वास्थ्य क्षेत्रमा रहेको जनशक्ति विदेश पलायन भइरहेको अवस्थामा स्थायी दरबन्दी सिर्जना गरी दक्ष जनशक्तिलाई स्वदेशमा टिकाउनु मुख्य चुनौतीका रूपमा देखिएको छ । सरकारी बमोजिम सेवा सुविधा नदिएको भन्दै आवासीय चिकित्सकहरू आन्दोलित भएपनि हालसम्म माग सम्बोधन हुन सकेको छैन । सरकारले स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लैजानु, नसर्ने रोगको रोकथाममा योजनाबद्ध काम गर्नुपर्ने आवश्यकता देखिन्छ ।


## मालपोत कार्यालय कास्की पोखराबाट हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*सूचना प्रकाशित मिति २०८१/१२/२०*

कास्की जिल्ला मौजे पौदी ६५ नं. का जि.म. भोलानाथ पाध्या जिम्मा ११ सालदेखि तिरो लिने गरी ०९।५।१३ को साविक दर्ता भएको २०३२ सालसम्मको तिरो तिरेको सर्भे नापीमा लुकुमस्वारा-८ कि.नं. ७४ क्षे.फ. १-१-०-० को जग्गा फिल्डबुकमा गुरुदत्त बरालको नाउँमा कायम भएकोमा २०३२ सालको टोली आएको बेलामा भुलबस म गुरुदत्त बरालका नाम लेखिन गएकोमा उक्त जग्गा साविक पुम्दीभुम्दी गा.वि.स. वडा नं. ५ बस्ने नरे दमैको नाति ललित परियारको छोरा गुमाने परियारले हालसम्म भोगचलन गरिरहेको हुदाँ उक्त जग्गा गुमाने परियारको नाउँमा दर्ता गरिदिएमा फरक पर्दैन भनी नि.द.नं. २८२२ मिति २०८१/१२/१० मा मालपोत कार्यालय कास्कीमा उपस्थित भै गुरुदत्त बरालले हकदावी छोडपत्र मञ्जुरीनामा गरेकोले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक पुम्दिभुम्दी-५ हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने गुमाने परियारले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स/ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुक को व्होरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लुकुम्स्वारा | ८ | ७४ | १-१-०-० | खर | चाहार | गुरुदत्त बराल |

ईति संवत २०८१ साल चैत्र २० गते रोज ४ शुभम् ।


# सफाई अभियान्ता मानध्वज गुरुङ सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ चैत



पोखरा १९ घार्मी मैदानमा रहेको भूमे मैदान बहुउद्धेश्यीय सामूदायिक समूहले सफाई अभियन्ता मानध्वज गुरुङलाई सम्मान गरेको छ ।

समूहले आफ्नो छैठौ वार्षिक साधारण सभाको अवसर पारेर अभियान्ता गुरुङलाई सम्मान गरेको हो। कार्यक्रममा प्रमुख अतिथि पोखरा १९ का वडा सदस्य विकास कुमार आचार्य, विशेष अतिथि कल्पना सुनार र संस्थाका अध्यक्ष बैकुण्ठ पौडेलले सफाई अभियान्ता गुरुङलाई सम्मान पत्र सहित सल ओढाएर सम्मान गर्नुभयो ।

सम्मान पछि कार्यक्रममा बोल्दै वडा सदस्य विकास कुमार आचार्यले उमेरको उत्तरार्ध टेक्नुभएको ७८ वर्षीय बुवा मानध्वजले लगातार चार महिनासम्म निरन्तर आफू एक्लैले बाटो सफा गरि हामीलाई निस्वार्थ कर्मभावको सन्देश दिन भएको छ, हामी युवाहरु बुवाको सो कार्यले स्वयंमा जागरुक बनौ आफ्नो गाउँ टोल छिमेक स्वस्फूर्तरुपमा सफा राखौ भन्नुभयो । सफाई अभियन्ता गुरुङले आफू एकदिन घुम्दै आउने क्रममा बाटो झाडझाडिले ढाकेको देखेपछि आफूलाई नराम्रो लागेको र मनैदेखि लागेर कुनै स्वार्थ नराखि बाटो सफा गर्ने गरेको बताउनुभयो । गत वर्ष चार महिनासम्म नियमित खटेर अमलाविसौनी घार्मीअम्बरेश्वर सडक अन्तर्गत घार्मीको उकालो आफू एक्लैले सफा गर्नु भएको मनध्वज गुरुङले यस वर्ष पनि स्वास्थ्यले साथ दिए जति सकिन्छ सफा गर्ने बताउनु भयो । उहाँले सम्पूर्ण गाउँवासी एवम् सर्वसाधरणलाई यसै बसेर समय फाल्नु भन्दा केही न केही गरेर आफ्नो गाउँ ठाउँको बाटो घाटो सँधै सफा राख्न आग्रह गर्नुभयो ।

# गलेश्वर मन्दिरको भेटीबाट सौन्दर्यकरण योजनालाई सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ चैत



जिल्लाको प्रमुख धार्मिक पर्यटकीयस्थल गलेश्वर मन्दिरमा भक्तजनले चढाएका भेटीबाट सजावट योजनालाई सहयोग भएको छ । गलेश्वर शिवालय क्षेत्र विकास कोषले मन्दिरमा सङ्कलन भएको भेटीबाट बेनी नगरपालिकाले सञ्चालन गरेको गलेश्वर बजार सौन्दर्यकरण योजनाका लागि रु छ लाख सहयोग गरेको हो ।

चालु आर्थिक वर्षमा बेनी नगरपालिकाले रु २० लाख बजेट विनियोजन गरेको गलेश्वर बजार सौन्दर्यकरण योजनाका लागि गलेश्वर शिवालय क्षेत्र विकास कोषले रु छ लाख, पुलह पुलत्स्य अन्नक्षेत्र र राधाकृष्ण मन्दिरले रु दुई-दुई लाख उपलब्ध गराएका बेनी-९ का वडाध्यक्ष चक्र केसीले जानकारी दिनुभयो ।

कुल रु ३० लाख लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि बेनीको निर्माण कम्पनीले रु २४ लाख ३६ हजार ५७१ मा ठेक्का लिएको छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुस्ताङको मुक्तिनाथ प्रवेशद्धार मानिने गलेश्वर बजारभित्रको सडक र पदमार्गलाई मौलिक, व्यवस्थित र सुन्दर बनाई पर्यटक र भक्तजन आकर्षित गर्न परियोजनाको काम थालेको हो ।

परियोजनामार्फत गलेश्वर बसपार्कबाट प्रवेशद्वार, गलेश्वर मन्दिर परिसर हुँदै राहुघाट नदी किनारसम्मको पैदलमार्ग, सडकमा स्लेट ढुङ्गा बिछ्याइने र किनारामा गमला राखेर फूलका बिरुवा रोपिने वडाध्यक्ष केसीले बताउनुभयो । गलेश्वर बजारभित्रको सडकमा ढुङ्गा बिछ्यापछि सार्वजनिक यातायातका साधन बजार बाहिरको कालीगण्डकी करिडोरको सडकबाट मात्र आवतजावतको ब्यवस्था मिलाइने वडाध्यक्ष केसीले बताउनुभयो । भुइँमा बिछ्याइने ढुङ्गामा असर नपर्ने गरी बजारभित्र निर्माण सामग्री र उपभोग्य सामग्री आपूर्तिका सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी संरचनाको 'डिजाइन' गरिएको छ । गलेश्वर मन्दिरमा भक्तजनले चढाएको भेटी रकमबाट सौन्दर्यकरण योजनालाई सहयोग गरिएको कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । उहाँका अनुसार चालु आवको साउनदेखि फागुन मसान्तसम्म भेटी लगायत शीर्षकबाट रु ६६ लाख दुई हजार ९९३ आम्दानी र रु ४० लाख नौ हजार ४५२ खर्च भई रु २५ लाख ९३ हजार ५४१ बचत भएको छ । गत वर्ष कोषले भेटीमार्फत सङ्कलन भएको रकम परिचालन गरेर रु १२ लाखको लागतमा ज्येष्ठ नागरिक आश्रममा सभाहल निर्माण गरेको थियो ।

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलको एउटै विशाल चट्टानमाथि रहेको गलेश्वर मन्दिरमा पूजाआजा र दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने र पुण्य मिल्ने धार्मिक विश्वास छ । हिन्दू धर्मग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउनको सोमबार, बालाचर्तुदशी र शिवरात्री पर्वमा विशेष मेला लाग्ने छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.स. २०११/०७/२१ गते



स्वर्गारोहणः
वि.स. २०८१/१२/२३ गते

स्वः तारानाथ बराल

यस पोखरापत्र राष्ट्रिय दैनिकका शुभचिन्तक बौद्धिक सामाजिक व्यक्तित्व प्राध्यापक **श्री तारानाथ बराल** को ७० वर्षको उमेरमा भएको असामयिक निधनमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै आज १०औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार**
**पोखरा-९, नयाँबजार**